# सुरूङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मधुपट्टी, सप्तरी (२ नं प्रदेश, नेपाल)

प.सं.:- २०७४/०७५
च.नं.:-

मिति :-२०७४/१२/२८

**विषय :- विद्यार्थी भर्ना, विद्यालय स्वागत कार्यक्रम सम्बन्धमा ।**

श्री सबै सामुदायिक विद्यालयहरू,
सुरुङ्गा नगरपालिका, मधुपट्टी, सप्तरी ।

उपर्युक्त विषयमा "**हामी सबैको इच्छा, अनिवार्य नि:शुल्क आधारभूत शिक्षा**" नारा (आदर्श वाक्य) सहित "अनिवार्य शिक्षाका लागि विद्यार्थी भर्ना, विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धि सुधार कार्यक्रम, २०७५" भव्यताका साथ सफल पार्न तपसिलबमोजिमका क्रियाकलापहरू सञ्चालन गरी गुणस्तरीय विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

तपसिल:

१. २०७५ बैशाख ५ गतेसम्म बालबालिकाहरुको वैयक्तिक विवरणसम्बन्धी घरधूरी सर्वेक्षण फाराम भरी सेवाक्षेत्रभित्रका विद्यालयबाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरूको नामनामेसी विवरण तयार गरी स्रोतकेन्द्रमा बुझाउने,

२. भर्ना अभियानमा ४ वर्ष उमेर पुरा गरेका बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षा कक्षामा भर्ना गराउने व्यवस्था गर्ने,

३. बैशाख १ गतेदेखि १४ गतेसम्म पहिलो चरणमा भर्ना हुन आउने विद्यार्थीहरूलाई पूर्ण सेटमा पाठ्यपुस्तक र मुस्कानसहितको फूल अबीर तथा स्थानीय संस्कृति अनुसार स्वागत गर्दै नियमितरूपमा विद्यालयको पठनपाठन क्रियाकलाप सञ्चालन गर्ने,

४. दोस्रो चरणमा बैशाख १५ गतेदेखि ३० गतेसम्म निमन्त्रणा पत्रसहित विद्यालयबाहिर रहेका बालबालिकाहरूका घरमा गई घरदैलो भ्रमण गरी अभिभावकलाई शिक्षाको महत्वसम्बन्धी परामर्श गरी भर्ना गर्ने,

५. विद्यार्थी भर्ना गर्दा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य गर्ने तर जन्मदर्ता नभएका बालबालिकाहरूको हकमा विद्यालयमा भर्ना गरी जन्मदर्ता गराउन सहजीकरण गर्ने,

६. स्रोतकेन्द्रसंग समन्वय गरी सेवाक्षेत्रभित्रका विद्यालयबाहिर रहेका बालबालिकाहरूको सम्पूर्ण विवरणसहितको सामाजिक नक्सांकन गरी लक्षित बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्ने र टिकाउने क्रियाकलाप विद्यालय सुधार योजनामा समावेश गरी कार्यान्वयन गर्ने,

७. विद्यालय उमेर समूहका सबै बालबालिका भर्ना गर्ने र नयाँ भर्ना गरेका विद्यार्थीसहितको विवरण नगरपालिका र जिल्ला शिक्षा कार्यालयमा तुरुन्त पठाउने,

८. प्रत्येक विद्यालयले तहगत, कक्षागत र विषयगत सिकाइ उपलब्धि विश्लेषण गरी आगामी शैक्षिक सत्रका लागि सिकाइ उपलब्धि लक्ष्य एकीन गर्ने र सोको प्राप्तिका लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

मुक्तिनाथ चौधरी
नगर प्रमुख

बोधार्थ :

१. श्री प्रमुख प्रशासकीय अधिकृत
सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, मधुपट्टी, सप्तरी ।

२. श्री वडाध्यक्ष ज्यू,
.... नं. वडा कार्यालय, ..............................,